## विज्ञापन कर उठाउने कार्यको बोलपत्र आह्वान सम्बन्धी ३० दिने सूचना

सूचना प्रकाशित मिति : २०८२।०४।२३

अन्तर सरकारी वित्त व्यवस्था ऐन २०७४ को दफा ५ को उपदफा १ (घ) र तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन २०८२ को दफा ७ बमोजिम दुई आर्थिक वर्ष (२०८२/०८३ र ०८३।०८४) को लागि विज्ञापन कर उठाउने कार्यको बोलपत्रका माध्ययमद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सहभागि हुन ईच्छुक फर्मबाट बोलपत्र आह्वान गरिन्छ ।

विवरण

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | न्युनतम अंक (मू.अ. कर बाहेक) | बोलपत्र जमानत | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | आय १५/ ०८२/०८३ | दुई आ.व. (२०८२/०८३ र ०८३/०८४) को लागि विज्ञापन कर उठाउने कार्य | २८,००,०००।- (अट्ठाईस लाख मात्र) | मू.अ.कर सहितको कबोल अंकको ५% ले हुने रकम वा सो बराबरको बैंक जमानत | रु.३,०००।- |

**ठेक्का सम्बन्धि शर्तहरु**

१ बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले ३० दिनसम्म कार्यालय समय भित्र रु.३,०००। (फिर्ता नहुने गरि) तिरि खरिद गर्न सकिनेछ । यसका लागि फर्म दर्ता प्रमाणपत्र, स्थाई लेखा नं. प्रमाणपत्र आ.व.०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ ।

२ बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२ बजे सम्म यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सोही दिनको २:०० बजे बोलपत्र खोलिनेछ ।

३ बोलपत्रसाथ आँफुले कबोल गरेको मू.अ.कर सहितको अंकको ५% ले हुने रकम यस कार्यालयको एनआईसि एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं.A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

४ बोलपत्र सदर भएपछि बोलपत्रदाताले ठेक्का सम्झौताका बखत प्रथम किस्ता बापत सम्झौता अंकको २५% ले हुने रकम यस कार्यालयको आन्तरिक आय खातामा, प्रथम किस्ताको १३% ले हुने मू.अ.कर बापतको रकम र कूल सम्झौता अंकको १.५%ले हुने अग्रिम आयकर बापतको रकम आन्तरिक राजस्व कार्यालयको खातामा दाखिला गरेको भौचर तथा दाखिला गर्न बाँकी रकमको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको २०८३ फाल्गुण मसान्त सम्म म्याद रहेको बैंक जमानत पेश गरि ठेक्का सम्झौता गर्नुपर्नेछ ।

५ दाखिला गर्न बांकी रहेको रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ । तोकिएको समयमा रकम दाखिला हुन नआएमा पेश हुन आएको बैंक जमानतबाट असुल गरिनेछ ।

भुक्तानी तालिका

| विवरण | रकम दाखिला गर्नुपर्ने अवधि | दाखिला गर्नुपर्ने रकम |
|---|---|---|
| आ.व.०८२/०८३ को अन्तिम किस्ता | २०८२ माघ मसान्त | ठेक्का अंकको २५% ले हुने रकम |
| आ.व.०८३/०८४ को प्रथम किस्ता | २०८३ श्रावण मसान्त | ठेक्का अंकको २५% ले हुने रकम |
| आ.व.०८३/०८४ को अन्तिम किस्ता | २०८३ माघ मसान्त | ठेक्का अंकको २५% ले हुने रकम |
| | | |

६ बोलपत्रदाताले सम्झौताका बखत कबोल अंक एकमुष्ठ रुपमा बुझाएमा १०% छुट दिन सकिनेछ ।

गंगाराम आचार्य
उपसचिव (निमित्त प्रमुख प्रशासकीय अधिकृत)

७ ठेक्का अवधि २०८२।०८३ र २०८३।०८४ गरि दुई आ.व.को हुनेछ । सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

८ बन्द, हडताल वा अन्य कुनै पनि कारणले राजस्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले क्षतिपुर्ति दिन बाध्य हुने छैन

९ ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

१० तिनै तहको सरकारले प्रतिबन्ध लगाएको तथा आम नागरिकलाई प्रतिकुल असर पार्ने खालका होर्डिङ्ग बोर्ड राख्न पाईने छैन । स्वदेशी उत्पादनलाई बढावा दिने खालका विज्ञापनका बोर्डहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

११ तिनै तहका सरकारद्वारा जारि गरिएका जनचेतनामूलक होर्डिङ्ग बोर्डबाट कर संकलन गर्न पाईने छैन ।

१२ सार्वजनिक लगायत नीजि स्थानमा राखिएका होर्डिङ्ग बोर्ड, वाल पेण्टिङ्ग, फ्ल्यास ब्यानर आदी जस्ता व्यवसायिक विज्ञापनहरुको मात्र विज्ञापन कर उठाउन पाईनेछ । तर कुनै व्यवसायिक प्रतिष्ठानका परिचयका लागि राखेका ५० वर्गफुट सम्मका परिचय पाटीमा यो कर संकलन गर्न पाईनेछैन । सो भन्दा बढी क्षेत्रफल भएमा लिन सकिनेछ ।

१३ अन्य जानकारीको लागि कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१४ यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५ आ.व. २०८२।०८३ र २०८३।०८४ का लागि विज्ञापन करको दरहरु यसप्रकार हुनेछ । कर संकलन गर्दा उक्त दरमा १३% ले थप गरि संकलन गर्नुपर्नेछ ।

| | | | |
|---|---|---|---|
| क) | होर्डिङ्गबोर्ड | प्रति वर्गफिट | रु.६६।- |
| ख) | ग्लो साईनबोर्ड/डि.पि.एस. | प्रति वर्गफिट | रु.८०।- |
| ग) | एल.ई.डि. बोर्ड | प्रति वर्गफिट | रु.८०।- |
| घ) | भित्ते लेखन | प्रति वर्गफिट | रु.२६।- |
| ङ) | ब्यानर | प्रति दिन | रु.४०।- |

गंगाराम आचार्य
उपसचिव (शिक्षा)
अधिकृत दशौं तह